प्रदेश सरकार
कोशी प्रदेश
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, धनकुटा

मिति :- २०८०/१२/२२

## विषय :- काठ लिलाम बिक्री सम्बन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशन मिति २०८०।१२।२२)

प्रस्तुत विषयमा यस कार्यालय अन्तर्गतको राजारानी सव डिभिजन वन कार्यालय, डाडाँवजार र भेडेटार सव डिभिजन वन कार्यालय, भेडेटारको कार्यक्षेत्र भित्र डिभिजन वन कार्यालय धनकुटा र सम्वन्धित सव डिभिजन वन कार्यालयका कर्मचारीहरुको संयुक्त गस्ती टोलीले नियमित गस्ती गर्ने क्रममा विना टाँचा, निस्साको, विना नम्वरीङ्गको, ताछिएको अवस्थामा विभिन्न नापसाइजका खयर जातका गोलिया काठ बेवारीसे अवस्थामा फेला परी विभिन्न मितिमा अनुसन्धान अधिकृतवाट वन ऐन २०७६ को दफा ६४(१) बमोजिम हकदावीको लागि ७ (सात) दिने सुचना एवम् सो पश्चात वन नियमावली २०७९ को परिच्छेद १७ को नियम १२४ को उपनियम (२) बमोजिम ३०(तीस) दिने सूचना प्रकाशित हुँदा समेत समय भित्रै कुनै पनि व्यक्ति वा संस्थाले हकदावी गर्न नआएकाले उक्त काठहरु बेवारीसे ठहर भई बरामद लगत अनुसारको खयर जातको गोलिया थान ४३० को परिमाण जम्मा ३७२.६३ क्यू.फि.( हर्टउड), ५२१.६८२ (स्यापउड समेत) काठ गोप्य शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नु पर्ने भएकाले ईच्छूक व्यवसायीले उक्त खयर काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा संकलन, ढुवानी तथा घाटगद्दी खर्च समेत व्यहोर्ने गरी वन नियमावली २०७९ को अनुसूची ६ मा उल्लेख भए अनुसारको राजश्व दर बमोजिम तपसिलको न्यूनतम मूल्य कायम गरी सूचना प्रकाशित गरिएको छ । काठ, दाउरा सम्वन्धि कारोबार गर्ने इच्छूक तथा ***वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएका*** फर्म वा कम्पनी एवम् ***वन नियमावली २०७९ को नियम २५(३) बमोजिम धनकुटा जिल्लामा दर्ता भई सञ्चालनमा रहेका फर्निचर उद्योग*** ले यो सूचना व्लाष्ट टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८०/१२/२२ मा प्रकाशित मितिले २१ औं दिनको कार्यालय समयभित्र शिलवन्दी दरभाउपत्र खरिद गरी २२ औं दिनको दिउँसो १२:०० बजे सम्म शिलबन्दी दरभाउपत्र दाखिला गर्न यो सूचना आह्वान गरिएको छ । साथै शिलबन्दी दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट मान्य हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ । सोही दिनको दिउँसो ३:०० बजे शिलबन्दी दरभाउपत्र खोलिने व्यहोरा सूचित गरिन्छ ।

### तपसिल

**१) वन पैदावारको विवरण:**

| वन पैदावार | | | | | | | | मूल्यांकन रू | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स. | लट नं. | जात | किसिम | वरामद गरिएको स्थान | थान | परिमाण हर्ट उड क्यु.फि. | परिमाण स्याप उड समेत क्यु.फि. | न्यूनतम | ढुवानी खर्च | घाटगद्दी स्थान |
| १ | ०२।०८०।०८१ | खयर | गोलिया | साँगुरीगढी गा४ .पा., खारखोला | १२५ | १२९.४३ | १८१.२०२ | १८१२०२ | ३०२८६.६२ | भेडेटार सव डि.व.का. भेडेटार |
| २ | | | | साँगुरीगढी गा७ .पा., सिस्ने | २५३ | २०८.५३ | २९१.९४२ | २९१९४२ | ५५४६८.९८ | भेडेटार सव डि.व.का. भेडेटार |
| ३ | | | | चौविसे गा५.पा. | ५२ | ३४.६७ | ४८.५३८ | ४८५३८ | १६४३३.५८ | डि.का.व. धनकुटा |
| | | | जम्मा | . | ४३० | ३७२.६ | ५२१.६८२ | ५२१६८२ | १०२१८९.१८ | |

### शर्तहरु

१. शिलबन्दी दरभाउपत्र खरिद, दाखिला र खोल्ने अन्तिम मिति, समय र स्थान :

क) खरिद गर्ने अन्तिम मिति, समय र स्थान : मिति २०८१/१/१२ गते कार्यालय समयसम्ममा डिभिजन वन कार्यालय, धनकुटा वा प्रदेश लेखा ईकाइ कार्यालय, धनकुटा वा जिल्ला प्रशासन कार्यालय, धनकुटाबाट खरिद गर्न सकिनेछ ।

ख) दाखिला गर्ने अन्तिम मिति, समय र स्थान : मिति २०८१/१/१३ गते मध्यान्ह १२:०० बजेसम्म डिभिजन वन कार्यालय, धनकुटामा दाखिला गर्नुपर्ने छ ।

ग) शिलबन्दी दरभाउपत्र फारम खोल्ने अन्तिम मिति, समय र स्थान : रितपूर्वक पर्न आएको शिलबन्दी दरभाउपत्र फारमहरु प्रतिनिधिहरुको रोहवरमा डिभिजन वन कार्यालय, धनकुटामा मिति २०८१/१/१३ गते दिउसो ३:०० बजे खोलिने छ ।

प्रदेश सरकार
कोशी प्रदेश
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, धनकुटा

मिति :- २०८०/१२/२२

## विषय :- काठ लिलाम बिक्री सम्बन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशन मिति २०८०।१२।२२)

२. शिलबन्दी दरभाउपत्र खरिद गर्न ईच्छुक फर्म वा कम्पनीका प्रोप्राइटरले रु. १०।- को टिकट टाँसी निवेदन सहित लट नं. ०२।०८०।०८१ को शिलबन्दी दरभाउपत्र खरिद बापत रु. १,०००।- (पछि फिर्ता नहुने गरी) राजश्व रकम बैंक दाखिला गरेको भौचर पेश गरी डिभिजन वन कार्यालय धनकुटा वा प्रदेश लेखा ईकाइ कार्यालय धनकुटा वा जिल्ला प्रशासन कार्यालय, धनकुटाबाट खरिद गर्न सकिनेछ । शिलबन्दी दरभाउपत्र खरीद गर्न दिईएको निवेदनको साथमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, चिरान गर्ने स:मिल काठ उद्योगको ईजाजत पाएको प्रमाण पत्र, मूल्य अभिवृद्धि करदर्ता (VAT), वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपि, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, वन नियमावली २०७९ को नियम १२८ एवम वन नियमावली २०७९ को नियम २५(३) बमोजिम धनकुटा जिल्लामा दर्ता भई सञ्चालनमा रहेका फर्निचर उधोगले सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी, यदि प्रोपराईटर स्वयम उपश्थित हुन नसकि प्रतिनिधि पठाउनु पर्ने अवस्थामा निजको दस्तखत र फर्मको छाप सहितको ईच्छा पत्र पेश गर्नुपर्ने छ ।

३. शिलबन्दी दरभाउपत्र पेश गरेको शिलबन्दी खामको बाहिर पट्टिका बायाँतर्फ आफ्नो नाम, ठेगाना, लट नं. र आ.ब. अनिवार्य रुपमा उल्लेख गरी सहिछाप र लाहाछाप लगाउनु पर्नेछ । उल्लेख नगरेमा त्यस्तो शिलबन्दी दरभाउपत्र दर्ता हुनेछैन ।

४. जसको नाममा शिलबन्दी दरभाउपत्र फारम बिक्री भएको हो, उसैको तर्फबाट शिलबन्दी दरभाउपत्र फारम दाखिला गर्नुपर्नेछ ।

५. सकारकर्ताले सकार गरेको पूरै रकम र नियमानुसारको मू.अ.कर. दाखिला गरे पश्चात् मात्र वन प्रवेश पूर्जी दिईनेछ ।

६. शिलबन्दी दरभाउपत्र दाताले छुट्टा छुट्टै पेश गरेको शिलबन्दी दरभाउपत्रको साथमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुने धरौटी रकम प्रदेश लेखा इकाई कार्यालय, धनकुटाको रा.वा.वैंक, धनकुटास्थित प्रदेश धरौटी खाता नं. २०१०१००२०२०३०००० मा यस कार्यालयको कोड नं. ३२९०१०६०११ मा नगद जम्मा गरेको सक्कलै भौचर वा ६ महिनाभन्दा वढीको नेपाल राष्ट्र बैंकवाट क वर्गको ईजाजत प्राप्त बैंकको बैंक ग्यारेन्टीको कागज पेश गर्नु पर्नेछ ।

७. लिलाम वढावढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस कार्यालयको कम्पाउण्डमा रहेको वा भेडेटार सब डिभिजन वन कार्यालय भेडेटार धनकुटा कार्यालयको घाटगद्दी स्थलमा गइ हेर्न सकिनेछ ।

८. शिलबन्दी दरभाउपत्रमा सकार रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

९. सकारकर्ताले उल्लेखित वन पैदावारको ढुवानी खर्च तालिकामा उल्लेख भएवमोजिम छुट्टै व्यहोर्नु पर्नेछ ।

१०. अन्य शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन, नियम र वन पैदावार लिलाम बिक्री निर्देशिका अनुसार हुनेछ । साथै धरौटी रकम फिर्ता लिन लिलाम बिक्री भएको काठ दाउरा स्थानान्तरण कार्य सम्पन्न गरिसकेपछि निवेदन साथ कर चुक्ता गरेको प्रमाण पत्र अनिवार्य पेश गर्नुपर्ने छ ।

११. शिलबन्दी दरभाउपत्र र सो सम्वन्धि कागजातमा शिलबन्दी दरभाउपत्र दर्ता वा फर्मको सहिछाप नभई आएमा सो शिलबन्दी दरभाउपत्र अमान्य हुनेछ ।

१२. रीत नपुगेको र म्याद नाघि आएको शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

१३. पेश भएको शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार अधिकार प्राप्त अधिकारीमा निहित रहनेछ ।

१४. शिलबन्दी दरभाउपत्र स्वीकृत/अस्वीकृत भएको सूचना डिभिजन वन कार्यालय, धनकुटाको सूचना पाटीमा टाँस गरिनेछ । साथै सो को जानकारी सम्वन्धित सरोकारवालाहरुलाई गराइने छ । जानकारी पाएपछि स्वीकृत फर्मका सकारकर्ताले आफूले सकार गरेको रकम र मु.अ.क समेत सूचना टाँस भएको मितिले बाटो म्याद वाहेक १५ दिन भित्र सम्पूर्ण रकम दाखिला गरि तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ । सो अवधि भित्र रकम दाखिला नगर्ने सकारकर्ताको धरौटी जफत गरिनेछ ।

१५. यस सूचनामा कुनै संशोधन वा थपघट गर्नु पर्ने भएमा डिभिजन वन कार्यालय धनकुटाले गर्न सक्नेछ र सो सम्वन्धी विवरण यस कार्यालयको सूचना पाटीमा टाँस गरिने छ । अन्य जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

ईति सम्बत् २०८० साल चैत २२ गते रोज ०५ शुभम् ........................................................ ।